# तिनाउ गाउँपालिका
# Tinau Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office Of The Rural Municipal Executive

दोभान, पाल्पा
Dobhan, Palpa

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Letter No :-

चलानी नं./Ref. No.:-

स्था.: २०७३/Estd. 2017 A.D.

**डोजर भाडामा लिने सम्बन्धि सुचना**
**प्रथम पटक प्रकाशित मिति : २०८०।०४।०६**

यस गाउँपालिकाका लागि २०८० आश्विन मसान्तसम्मका लागि गाउँपालिकाभित्र बर्षादको समयमा बिग्रिएका सडकहरू सोरसार गर्नका लागि डोजर भाडामा लिनुपर्ने भएकाले इच्छुक फर्म वा निर्माण व्यवसायीहरूले निम्न शर्तको अधिनमा रही रितपुर्वक तपशिलका कागजातहरू संलग्न गरी शिलबन्दी दररेट पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

तपशिलः-

- प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र वा मिति २०८०।०४।२० गते कार्यालय समयभित्र सम्वन्धित निर्माण व्यवसायीले आफ्नो कागजातको प्रमाणित प्रतिलिपि संलग्न राखी यस कार्यालयबाट फिर्ता नहुने गरी नगदै रू.१०००।- (एक हजार) बुझाई शिलबन्दी दररेट फारम खरिद गर्न सकिन्छ ।
- इच्छुक फर्म वा निर्माण व्यवसायीले उक्त शिलबन्दी दररेट फारम मिति २०८०।०४।२१ गते बिहान १२ बजेभित्र कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । उक्त शिलबन्दी दररेट फारम सोही दिन कार्यालय समयभित्र खोलिनेछ । शिलबन्दी दररेट पत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।
- शिलबन्दी दररेट उल्लेख गर्दा प्रतिघण्टा भाडा दर कर बाहेक उल्लेख गर्नुपर्नेछ । डोजरको इन्धन, मर्मत खर्च, सुरक्षा, चालक र सहयोगी खर्च समेत स्वयम् डोजरधनीले व्यहोर्नुपर्नेछ । दररेट उल्लेख गर्दा अनिवार्य रूपमा अंक र अक्षर प्रष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा खुलाइएको दररेटलाई मान्यता दिइनेछ । घण्टा दरको गणना गर्दा साइटमा काम शुरू भएपछिको समयलाई मात्र गणना गरिनेछ । साइटसम्म जाने बाटोको समयलाई गणना गरिने छैन ।
- भाडामा लिइने डोजरको प्रतिघण्टा भाडा अधिकतम रू. २७४५।- कर रकम सहित हुनेछ र कारोबारमा हुने करको दायित्व सम्बन्धित फर्म वा निर्माण व्यवसायीको हुनेछ ।
- डोजर भाडामा उपलब्ध गराउदा मेशिनको क्षमता अनिवार्य रूपमा उल्लेख गरेको हुनुपर्नेछ। चालु अवस्थामा रहेको BACKHOE LOADER कम्तीमा पनि ७६ HP को हुनुपर्नेछ ।
- कार्यालयले आवश्यकता अनुसार तोकेको समय र स्थानहरूमा डोजर प्रयोग गनुपर्नेछ ।
- एक पटक पेश भएको शिलबन्दी दररेट फिर्ता वा संशोधन गर्न सकिने छैन ।
- शिलबन्दी दररेट स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।
- माथि उल्लेखित भएकोमा सोही अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ र अन्य प्रचलित नेपाल कानुन अनुसार हुनेछ।

दरभाउपत्रका साथ पेश गर्नुपर्ने कागजातहरू:

- फर्म वा कम्पनी दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
- डोजरको नवीकरण भएको विलवुक र तेश्रो पक्ष बिमाको प्रमाणित कागजातहरूको प्रतिलिपि।
- सवारी चालकको अनुमती पत्र र नागरिकताको प्रतिलिपि ।
- यस कार्यालयबाट खरिद गरी भरेको दरभाउपत्र फारम प्रमाणित गरी सक्कल प्रति ।

.................................
प्रमुख प्रशासकीय अधिकृत

E-mail: tinaururalmunicipality@gmail.com

Phone No.: 075-413064 / 65

CamScanner